"Partnership for Urban Governance" DAO Regd. No. 2/054/55 NDA-2018

नेपाल नगरपालिका संघ
Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

Ref. ०७७/७८-२९० मिति : २०७८/०२/३१

**श्रीमान् प्रमुखज्यू**
**सम्पूर्ण महानगर, उपमहानगर एवं नगरपालिकाहरु**

**बिषयः- संघको भवन निर्माणका लागि आर्थिक सहयोग बारे ।**

नेपाल नगरपालिका संघ संपूर्ण महानगगर, उपमहानगर र नगरपालिकाहरुको एकमात्र प्रतिनिधिमूलक संस्थाको रुपमा बि.सं. २०५० सालमा स्थापना भै नगरपालिकाहरुका विविध मुद्दामा वकालती र पैरवी गर्दै जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि, श्रोत परिचालन लगायतका क्षेत्रमा योगदान दिंदै आईरहेको व्यहोरा यहाँलाई अवगतै छ । चालु आ.व.मा नेपाल नगरपालिका संघले नगरपालिकाहरुको एकल अधिकार कार्यान्वयन गर्न अपरिहार्य हुने नमूना कानूनहरु निर्माण गरि पठाउनुका साथै बाझिएका ऐनहरुलाई शंशोधन वा खारेजी गर्न जोडदार पहल गरिरहेको छ । यसैगरी नगरपालिकाको श्रोत बृद्धिका लागि राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग तथा संङ्घीय एवं प्रदेश तहका अर्थमन्त्रालयहरुसँग पैरवी गरिएको छ । साथै कोरोना महामारी नियन्त्रणका लागि संघले स्वास्थ्य सामग्री तथा खोप खरिदका लागि नगरपालिकाहरुका अन्तराष्ट्रिय सञ्जाल, संघ संस्था लगायत नेपाल स्थित विदेशी नियोगहरुलाई पत्राचार गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

संघले अघिल्लो आ.व.मा सम्पूर्ण महानगर, उपमहानगर एवं नगरपालिकाहरुका प्रमुख/उप प्रमुखज्यूहरुको स्वास्थ्य संवेदनशिलतालाई मध्यनजर गर्दै रु.१ लाख बराबरको कोरोना विमा गरिएकोमा हालसम्म २२ जनाले बिमा बापतको रकम प्राप्त गरिसक्नु भएको छ भने संक्रमित मध्ये अन्यको भुक्तानी हुने क्रममा रहेको छ । यसै गरी आगामि आ.व.मा २९३ नगरपालिकाका प्रमुख र उप प्रमुखज्यूहरुको दुर्घटना बिमा गर्न लागिएको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि एवं कर्मचारीहरुकोलागि अनवरत क्रियाशील यस नेपाल नगरपालिका संघको आफ्नै प्रशासनिक भवन नहुँदा स्थापनाकाल देखिनै भाडामा कार्यालय सञ्चालन हुँदै आएको छ । संघको संस्थागत बिकास गर्ने सन्दर्भमा केही बर्ष अघि संघले मध्यपुर थिमि नगरपालिकाको जग्गा एकिकरण योजना अन्तर्गत कमेरेटारमा भवन निर्माणको लागि १ रोपनी जग्गा खरीद गरिएको र भवन नक्सा अनुमानित रु १० करोड लागतको इस्टिमेट तयारी भई सकेको भएपनि आर्थिक अभावका कारण हाल सम्म निर्माण कार्य शुरु हुन सकेको छैन । तसर्थ संघको गत मंसिर २३ गते सम्पन्न सातौं राष्ट्रिय अधिवेशनले संघको भवन निर्माणको लागि सम्पूर्ण महानगर, उपमहानगर एवं नगरपालिकाहरुसँग आर्थिक सहयोग माग गर्ने निर्णय भएबमोजिम आसन्न नगरसभाबाट यथाशक्य रकम विनियोजन गरि उपलब्ध गराई यस ऐतिहासिक कार्यमा महत्वपूर्ण योगदान दिनु हुन हार्दिक अनुरोध गर्दछु । साथै आगामि आ.व.मा यथाशक्य चाँडो शिलान्यास गरी भवन निर्माण कार्य शुरुवात गर्ने कार्य पारदर्शी रुपमा सम्पन्न गर्ने प्रतिबद्धता संघको सचिवालयको तर्फबाट विश्वास दिलाउन चाहन्छौं ।

.........................
अशोक कुमार ब्याञ्जु
अध्यक्ष